# द्वन्द्व प्रभावित व्यक्ति र आश्रित परिवारलाई स्वरोजगारका लागि मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रदान गर्ने निर्देशिका, २०७६

विगतमा नेपालमा चलेको दश वर्षे द्वन्द्वबाट प्रभावित भई सीपमूलक तालिम लिएका व्यक्तिहरुलाई स्वरोजगार गरी आत्मनिर्भर बनी समाजमा प्रतिष्ठित जीवनयापन गर्नको लागि आवश्यक मेशिनरी औजार सामाग्री र अन्य वस्तु वितरण गर्न "प्रदेश नं ५ , प्रशासकीय कार्यविधि (नियमित) गर्ने ऐन,२०७५" को दफा २ बमोजिम मन्त्रालयले यो निर्देशिका बनाई जारी गरेको छ ।

**<u>१. संक्षिप्त नाम र प्रारम्भ:</u>** यस निर्देशिकाको नाम " **द्वन्द्व प्रभावित व्यक्ति र आश्रित परिवारलाई स्वरोजगारका लागि मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रदान गर्ने निर्देशिका, २०७६**" रहेको छ ।

**<u>२. परिभाषा:</u>** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिका अनुसार

(क) "मन्त्रालय" भन्नाले प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय सम्झनुपर्छ ।

(ख) "स्थानीय तह" भन्नाले यस प्रदेश भित्र रहेका गाँउपालिका, नगरपालिका र उप-महानगरपालिका समेतलाई सम्झनुपर्छ ।

(ग) "द्वन्द्वबाट प्रभावित तालिम प्राप्त व्यक्ति" भन्नाले कुनै पनि सीप विकास सम्बन्धी तालिम प्राप्त भएको द्वन्द्वबाट प्रभावित व्यक्ति वा निजको परिवारका सदस्य सम्झनुपर्छ ।

(घ) " मेशिनरी औजार तथा सामाग्री" भन्नाले तालिम प्राप्त व्यक्तिहरूलाई स्वरोजगार बन्न प्रदान गरिने औजार एवं मेशिनरी लगायतका सामाग्रीहरु सम्झनुपर्छ ।

(ङ) "समूह" भन्नाले एकै प्रकारको तालिम लिएका र एकै प्रकारको व्यवसाय गर्न चाहने व्यक्तिहरूको समूहलाई सम्झनु पर्छ ।

(च) "अन्य वस्तु" भन्नाले मेशिनरी औजार सामाग्री बाहेकका यस निर्देशिकाको अनुसूची २ उल्लेखित चिज वस्तु सम्झनु पर्छ ।

**<u>३. विवरण संकलन गर्ने:</u>** मन्त्रालयले मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रदान गर्नका लागि प्रदेश भित्रका सबै स्थानीय तहसँग सीप प्राप्त गरेका द्वन्द्व पीडित व्यक्तिहरुको विवरण माग गर्नेछ ।

**४. संकलित विवरण छनौट सम्बन्धी व्यवस्थाः** (क) मन्त्रालयले स्थानीय तह मार्फत सिफारिस भई आएका सीप प्राप्त गरेका द्वन्द्व पीडित व्यक्तिहरुको विवरण संकलन गर्नेछ ।

(ख) मन्त्रालयले संकलित विवरणहरु बमोजिम निश्चित मापदण्डका आधारमा मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्राप्त गर्ने व्यक्ति वा समूहको छनौट गर्नेछ ।

(ग) यसरी छनौट गर्दा तालिम प्राप्त गरी स्वरोजगार हुन मद्दत हुने खालका विषयलाई लिइने छ । एकल महिला, दलित, जनजाति, विपन्न, र गम्भिर प्रकृतिका घाईते, पीडित परिवारका सदस्यलाई सामाजिक न्यायका आधारमा छनौट गर्नु पर्नेछ ।

(घ) स्वरोजगार गर्दै आएका उत्कृष्ट सिप भएका निवेदकलाई विशेष प्राथिमकता दिनुपर्ने छ ।

(ङ) यसरी छनौट भएका व्यक्तिहरुको विवरण मन्त्रालयले स्थानीय तहलाई उपलब्ध गराउने छ ।

**५. सामाग्री तथा औजार वितरण सम्बन्धी व्यवस्थाः** (क) स्वरोजगार हुन चाहने व्यक्तिलाई मन्त्रालयले बढिमा रुपैयाँ पन्ध्र हजारमा नबढ्ने गरी मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रदान गर्न सक्नेछ।

(ख) उक्त रकम स्वरोजगार हुन चाहने व्यक्तिहरुको संख्याका आधारमा मन्त्रालयले सम्बन्धित स्थानीय तहसँग एम.ओ.यू. गरी स्थानीय तहलाई प्रदान गर्न सक्नेछ ।

(ग) एक वा एकभन्दा बढी व्यक्ति मिली एकै प्रकारका व्यवसाय गर्न चाहेमा एकमुष्ट मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रदान गर्न सकिनेछ ।

(घ) छनौट भएका निवेदन उपर कारवाही गरी आवश्यकता र औचित्यताका आधारमा सामाग्री एवम् औजार खरिद गरि निवेदकलाई प्रदान गर्ने काम सम्बन्धित स्थानीय तहले गर्नु पर्ने छ ।

(ङ) मेशिनरी औजार सामाग्री र अन्य वस्तु खरिद कार्यलाई नियमित गर्न सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ समेतको कानूनी व्यवस्थालाई पालना गर्नु पर्ने छ।

**६. सम्बन्धित स्थानीय तहले गर्नु पर्ने कार्यहरु :** (क) सम्बन्धित स्थानिय तहले मन्त्रालयबाट छनोट गरेको अन्तिम नामावली बमोजिमको रकमको माग गरी मन्त्रालय सँग एम.ओ.यू. गर्ने ।

(ख) मन्त्रालयले प्रदान गरेको रकमबाट अनुसूची २ लगायतका मेशिनरी औजार सामाग्री र अन्य वस्तु खरिद गरी आवश्यकता र औचित्यताका आधारमा बितरण गर्ने ।

(ग) यसरी मेशिनरी औजार सामाग्री र अन्य वस्तु वितरण गर्ने कार्य पुरा भई सकेपछि नियमानुसार लेखा परीक्षण गराउने र सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्ने ।

**७. सम्बन्धित व्यक्तिले गर्नु पर्ने कार्यहरू:** (क) मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्राप्त भएको १५ दिन भित्र सिप अनुसारको स्वरोजगार सञ्चालन गर्नु पर्नेछ।

(ख) मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्राप्त गरेको व्यक्तिले व्यवसाय सुरू गरेको जानकारी सात दिन भित्र सम्बन्धित स्थानीय तहलाई दिनुपर्नेछ ।

**८. अनुगमन निरिक्षण गर्न सक्ने:** (क) मन्त्रालयले मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्राप्त गर्ने व्यक्तिले तालिम लिए अनुसारको स्वरोजगार सम्बन्धी कार्य गरे नगरेको विषयमा सम्बन्धित व्यक्तिको व्यवसायिक काम कारवाही गरे नगरेको वा दुरूपयोग गरेको, मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रयोग गरे नगरेको सम्बन्धमा अनुगमन निरीक्षण गर्न सक्ने छ ।

(ख) अनुगमन तथा निरीक्षणका क्रममा त्यस्तो मेशिनरी औजार सामाग्री र अन्य वस्तु प्रयोग गरे नगरेको वा दुरूपयोग गरेको पाईएमा उक्त मेशिनरी औजार सामाग्री र अन्य वस्तु निजबाट खिची फिर्ता लिई, उक्त व्यवसाय गर्न इच्छुक व्यक्तिलाई प्रदान गर्न सम्बन्धित स्थानीय तहलाई निर्देशन दिन सक्ने छ ।

**९. निर्देशिका पालना गर्ने:** यस निर्देशिकाको पालना गर्न सम्बन्धित सवैको कर्तव्य हुनेछ ।

**१०. बचाउः** मन्त्रालयले आवश्यक भएमा निर्देशिका संशोधन / परिमार्जन गर्न सक्नेछ ।

## अनुसुची - १

### करार सम्झौता

आन्तरिक मामिला तथा कानून मन्त्रालय
प्रदेश नं. ५, बुटवल

आन्तरिक मामिला तथा कानून मन्त्रालय र स्थानीय तह बिच व्यवसायिक तालिम प्राप्त गरेको द्वन्द्व प्रभावित व्यक्तिहरू तालिम अनुसारको मेशिनरी औजार सामाग्री र अन्य वस्तु उपलब्ध गराउने सम्बन्धी सम्झौता पत्र ।

हामि यस सम्झौताका दुइ पक्ष प्रदेश सरकार, प्रदेश नं. ५, आन्तरिक मामिला तथा कानून मन्त्रालय, बुटवल नेपाल (यसपछि यस लिखतमा प्रथम पक्ष भनिएको, र प्रदेश नं. ५, ........................................................ नगरपालिका /गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत ( यसपछि यस लिखतमा दोस्रो पक्ष भनिएको, का बीचमा स्थानीय तहको क्षेत्रभित्रका द्वन्द्व प्रभावित स्वरोजगार बन्न चाहने ब्यक्तिलाई अनुसूची-२ मा तपशिलमा उल्लेख गरिएका सामाग्रीहरू स्थानीय तहले खरिद गरी वितरण गर्न तल लेखिएका शर्तका आधारमा यो करार गर्न मन्जुर भई दुवै पक्षले सहि छाप गरी एक/ एक प्रति बुझि लियौं र दियौं ।

(क) स्वरोजगार बन्न चाहने द्वन्द्व प्रभावित व्यक्तिहरुलाई औजार एवं मेशिनरी सामाग्री खरिद गरि दोस्रो पक्षले उपलब्ध गराउनु पर्ने छ ।
(ख) यस्ता सामाग्री को वितरण यसै आर्थिक वर्ष भित्र गरिसक्नुपर्नेछ ।
(ग) एकै प्रकृतिका काम गर्ने ग़री स्पष्ट समुहमा काम गर्ने भएमा आवश्यकता अनुसार समुहमा मिली सामाग्रीहरू खरिद गरि दिन सकिनेछ ।
(घ) दोश्रो पक्षले नियमानुसार हिसाब किताब राखी अन्तिम लेखा परीक्षण गराए सो को प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।
(ङ) यसरी सामाग्री खरिद गर्दा दोश्रो पक्षले सार्वजनिक ऐन, २०६३ र नियमावली २०६४ बमोजिम खरिद गरी उपलब्ध गराउनुपर्नेछ ।

<u>प्रथम पक्षको तर्फबाट</u>
आन्तरिक मामिला तथा कानून
मन्त्रालय प्रदेश नं. ५, बुटवल
नामः
पदः
साक्षीहरूः
१.
२.

<u>दोस्रो पक्षको तर्फबाट</u>
..........................
गा.पा./न.पा./उप.म.न.पा
नामः
पदः

इति सम्बत २०७६ साल महिना गते रोज शुभम् ।

अनुसुची - २

| सि.नं. | व्यवसाय | सम्बन्धित मेशिनरी औजार सामाग्री र वस्तु |
|---|---|---|
| १. | कागति पेल्ने व्यवसाय | ग्राइन्डर, नाप्ने भाँडाहरु आदि । |
| २. | भैसीपालन | पाडि, हसिया, नाम्लो आदि । |
| ३. | गाईपालन | बाच्छी , हसिया, नाम्लो आदि । |
| ४. | बाखापालन | माउबाखा, हसिया, नाम्लो , खोर बनाउने सामाग्री आदि । |
| ५. | सिलाईकटाई | कल, कैंची, इन्टरलक, इन्च टेप, आइरन, स्केल आदि । |
| ६. | सैलुन | कैंची, काइयो, स्प्रे मेशिन, ऐना, कुर्सी, टेवल, एप्रोन छुरा आदि । |
| ७. | बेमौसमी तरकारी | प्लास्टिक टनेलका निर्माण सामाग्री, पाइप, ड्रम, स्प्रिङ बल, स्प्रे (बिषादी छर्ने), मोटर आदि । |
| ८. | माहुरी पालन | घार, अनुहार छोप्ने जाली आदि । |
| ९. | कागति खेती | पाइप, ड्रम, कुलो, कोदालो, फरूवा, औषधी छर्ने मेशिन (बिषादी छर्ने) बिरूवा आदि । |
| १०. | वाईरीङ | पिलास, पेन्चिस, टेप, ड्रिल मेशिन, ह्यामर, छिनो,कटर आदि । |
| ११. | च्याँउ खेती | ड्रम, पलास्तीक, बिउ (सिताके च्याउँ) बर्मा, बञ्चरो, पाइप आदि |
| १२. | फर्निचर | हाते आरा, रन्दा, बसुलो,छिनो, स्केल, प्लास्टिक, त्रिपाल, लेवल आदि । |
| १३. | ब्रोईलर कुखुरा | दाना राख्ने भाँडा, ड्रम, प्लास्टिक, भुस, दाना, औषधी, चल्ला, तराजु(डिजिटल) आदि । |
| १४. | मसला उद्योग | जिरा पिस्ने मेशिन |
| १५. | केराखेती | केराको बिरूवा, मल, ड्रम पाइप आदि । |
| १६. | ब्यूटिपार्लर | कपाल स्ट्रेट गर्ने मेशिन कुर्सीहरु एना क्रिमहरु, काइयो, टेवल आदि । |
| १७. | बुटिक पसल | बुट्टा भर्ने मेशिन लगायत सिलाई संग सम्बन्धीत सामाग्री, धागो सियो फ्रेम, कैंची,टेप, सिलाई, सिलाइ मशिन आदि । |
| १८. | बङ्गुर पालन | बंगुरका पाठा, दाना तराजु, खोर, दाना खुवाउने भाडा आदि । |
| १९. | मोटर साईकल मर्मत | पम्पसेट, रेन्ची सेट, पिलास, हाते पम्प, लिबर, डन्डी, घन आदि |
| २०. | हातेहोजरी | बुन्ने मेशिन, धागो, कच्चा पदार्थ सियो कैचि, स्केल टेवुल आदि |
| २१. | आलु प्रशोधन | आलु धुने मेशिन, पाइप, ड्रम सुकाएर राख्ने भाँडाहरु आदि । |

| सि.नं. | व्यवसाय | सम्बन्धित मेशिनरी औजार सामाग्री र वस्तु |
|---|---|---|
| २२. | फलामे औजार निर्माण | आधुनिक आरन, हथौडा, पिलास, चिम्टि फलाम आदि । |
| २३. | फलफूल नर्सरी | बिभिन्न बिरूवा, बिउ, पानी ड्रम, पाइप, मल आदि । |
| २४. | कपडा बुनाई | हाते तान, धागो, कैची, टेप, वारपीन, चर्खा आदि । |
| २५. | कुटानी पीसानी | सानो खालको मिल |
| २६. | सिकर्मी | हाते आरा, छिनो, रन्दा, बसुलो, स्केल, ड्रील मेशिन, हेम्मर बिभिन्न साइजका आदि । |
| २७. | डकर्मी | घन हथौडा, इन्च टेप, बेल्चा, लेबल मिलाउने घन्टी, सावेल, पाइप आदि । |
| २८. | सुन्तलाखेती | बिरूवा, मल, पाइप ड्रम, हजारी, सम्याउने काठ, स्प्रिङकल, मोटर आदि । |
| २९. | टायर ट्यूब मर्मत | पम्पसेट, रेन्ची, पिलास, हाते पम्प, हावा भर्ने मेशिन, पन्चर्ट टाल्ने मेशिन आदि । |
| ३०. | माछापालन | माछाका भुरा ,दाना ,जाल, तराजु, मोटर पाइप आदि । |
| ३१. | आर्ट | रङ, ब्रुस, बोर्ड फ्रेम, स्केल, ब्रस राख्ने भाडा, टेवल कुर्सि, लाइट आदि । |
| ३२. | आलु चिप्स | फ्राई गर्न ठूलो कराई, चुलो, मसला ग्यास, धुने मेशिन, काट्ने मेशिन, झाझर, झिक्ने भाडा, बिभिन्न प्रकारका छुरा, ग्यास चुलो आदि । |
| ३३. | चाउमिन उद्योग | चाउमिन बनाउने मेशिन तराजु उमाल्ने भाँडाहरु, पकाउने भाडा, पिठो आदि । |
| ३४. | डेरी पसल पसल | सानो फ्रिज क्यान, लिटरको भाँडा, प्लाष्टिकको पोका, रबरको प्याकेट आदि । |
| ३५. | इम्ब्राइरी | धागो, सियो, कपडा, इम्ब्राइडरी मेशिन, कैची, टेवुल कुर्सी आदि |
| ३६. | इटा निर्माण | साँचो, ट्रली, फरूवा, कोदालो, गैटी, सावेल, बाल्टि, बुट पञ्जा छाता, ह्याट, इटा पोल्ने भट्टी |
| ३७. | बरफ निर्माण | बरफ जमाउने मेशिन, ठेला, बरफ राख्ने बाकस प्लाष्टिक आदि। |
| ३८. | साईकल मर्मत | रेन्ची, सनासो, रेंती, ट्युव टाल्ने गम, हावा भर्ने मेसिन आदि । |
| ३९. | वेल्डिङ | वेल्डिङ मेशिन, घन, फलाम काट्ने आदि । |
| ४०. | झोला बुनाई (हाते झोला बनाउने) | हाते तान, चर्खा, कैचि कुर्सी, कुरूस आदि । |
| ४१. | नर्सरी | बिभिन्न विउ/विरूवा टनेल बनाउने प्लास्टिक, ड्रम, पाइप हजारी आदि । |

| सि.नं. | व्यवसाय | सम्बन्धित मेशिनरी औजार सामाग्री र वस्तु |
|---|---|---|
| ४२. | माछापालन | भुरा, दाना, प्लास्टिक, तराजु आदि । |
| ४३. | पाउरोटी बनाउने | भाडो, ठूलो पनिउ, पिठो मुछ्ने भाडो रोस्टिङ मशिन आदि । |
| ४४. | ब्लक नर्माण | साँचो, सिमेन्ट, गिट्टि आदि । |
| ४५. | ढुंगा काट्ने | ग्राइन्डर, छिनो आदि । |
| ४६. | आधुनिक चुलो मर्मत | आधुनिक चुलो निर्माण सामाग्री |
| ४७. | अल्लो प्रशोधन | पकाउने ठूलो खड्कुलो, सुकाउने ड्रायर आदि । |
| ४८. | जडिवुटि प्रशोधन | पकाउने /धुने ठूलो भाडो, सुकाउने भाडा आदि । |
| ४९. | नास्ता पसल | मःमः बनाउने भाडो, कराई, कुकर, ग्यास सेट, थाल, कचौरा आदि । |
| ५०. | मोवाइल मर्मत पसल | सानो वेल्डिङ मेशिन, पेचकस सेट, कैची सेट टेवल, कुर्सि, सोकेस आदि । |
| ५१. | प्लम्बिङ | चुरी काट्ने मेशिन, रेन्ची सेट आदि । |